# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, साउन २४ गते २०३४ साल [ संख्या १७

श्री ५ को सरकार

### वन मन्त्रालयको

### सूचना

वन्यजन्तु आरक्ष नियमावली, २०३४

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "वन्यजन्तु आरक्ष नियमावली, २०३४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनुपर्छ ।

(ख) "आरक्ष" भन्नाले ऐन अन्तर्गत घोषित वन्यजन्तु आरक्ष सम्झनुपर्छ ।

(ग) "संरक्षक" भन्नाले आरक्षको संरक्षक (वार्डेन) सम्झनुपर्छ ।

(घ) "सहायक संरक्षक" भन्नाले आरक्षको सहायक संरक्षक (असिष्टेण्ट वार्डेन) सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. आरक्षको सिमाना: आरक्षको सिमाना ऐनको दफा ३ बमोजिम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषित गरिएबमोजिम हुनेछ।

४. आरक्षभित्र प्रवेश: आरक्षभित्र प्रवेश गर्न चाहने व्यक्तिले संरक्षक भए संरक्षकको, संरक्षक नभए सहायक संरक्षकको र सो दुवै नभए श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीको लिखित अनुमति लिनु पर्नेछ।

५. आरक्षमा प्रवेश आफ्नै दायित्वमा हुने: अनुमति लिई वा नलिई आरक्षभित्र प्रवेश गर्ने व्यक्तिलाई आरक्षभित्र कुनै किसिमको हानी नोक्सानी भएमा वा चोट पटक लागेमा निजको मृत्यु भएमा समेत त्यस्तो हानी नोक्सानी, चोट पटक वा मृत्यु भए बापत क्षतिपूर्तिको निमित्त श्री ५ को सरकार जिम्मेवार हुने छैन।

६. आरक्षभित्र निषिद्ध कार्यहरू: कुनै पनि व्यक्तिले संरक्षक भए संरक्षकको, संरक्षक नभए सहायक संरक्षकको र सो दुवै नभए श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीको लिखित अनुमति नलिई आरक्षभित्र देहायका कामहरू गर्न पाउने छैन:—

(क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रय वा अरू बनौट बनाउन वा भोग गर्न,

(ख) कुनै भू-भाग कब्जा गर्न, वनस्पति सफा गर्न नोक्सानी पुर्‍याउन, आबादी गर्न खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(ग) घर पालुवा जीवजन्तु वा पंक्षी चराउन वा तिनीहरूलाई पानी खुवाउन,

(घ) रूख विरूवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न, छाँट्न वा वन पैदावार सुक्ने कुनै काम गर्न वा वन पैदावारमा आगो लगाउन वा अरू कुनै प्रकारले हानी नोक्सानी पुर्‍याउन,

(ङ) कुनै स्थानमा रात बिताउन वा क्याम्प गर्न वा आगो बाल्न,

(च) ढुङ्गा बालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ, माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(छ) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु लैजान,

(ज) आरक्षभित्र बग्ने नदी, खोला वा पानीको कुनै स्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानिकारक वा विष्फोटक पदार्थहरू प्रयोग गर्न।

७. साथमा राख्न वा लैजान नपाइने वस्तुहरू: संरक्षक भए संरक्षकको, संरक्षक नभए सहायक संरक्षकको र सो दुवै नभए श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीको लिखित अनुमति विना कुनै व्यक्तिले आरक्षभित्र प्रवेश गर्दा वा रहँदा वा नियम १९ अन्तर्गत तोकिएको बाटोबाट हिंड्दा देहायका वस्तुहरू साथमा लैजान, राख्न वा प्रयोग गर्न पाउने छैन:—

(क) धनुषवाण, भाला, दर्जन, पासो, जाल, धराप, गुलेली वा चोट पुर्‍याउन सकिने वा गोली चलाउने जुनसुकै हातहतियार, खरखजाना, विष, विष्फोटक पदार्थ वा सो प्रयोग गर्ने साधनहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु ।

८. आगो बाली क्षति पुऱ्याउन नहुने: कसैले आरक्षको सीमानाभित्र वा बाहिरबाट आगो बाली आरक्ष भित्रको वनस्पति, झारपात वा अन्य कुनै चीज वस्तुलाई क्षति पुऱ्याउन हुँदैन ।

९. वन्यजन्तु वा पंक्षीको शिकार गर्न र पंक्षी वा कीट किटाणुको फुल, गुंड वा गोला बिगार्न नहुने: ऐन अन्तर्गत इजाजतपत्र प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा संरक्षक भए संरक्षकको, संरक्षक नभए सहायक संरक्षकको र सो दुवै नभए श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीको लिखित अनुमति प्राप्त नगरी कुनै पनि व्यक्तिले आरक्षभित्र कुनै पनि वन्यजन्तु वा पंक्षीलाई शिकार गर्न, लखेट्न वा तर्साउन वा कुनै पनि वन्यजन्तु, पंक्षी वा कीट किटाणुलाई मार्न, पक्रन वा चोट पटक पुऱ्याउन वा कुनै पनि पंक्षी वा कीट किटाणुको फुल, गुंड वा गोला हटाउन, बिगार्न वा खल्वल्याउन हुँदैन ।

१०. अनुमति नलिई माछा मार्न नपाइने: संरक्षक भए संरक्षकको, संरक्षक नभए सहायक संरक्षकको र सो दुवै नभए श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीको अनुमति नलिई आरक्षभित्र रहेको खोला वा पोखरीको माछा वा अन्य कुनै जलचर मार्न हुँदैन ।

११. श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्ने: कसैले आरक्षभित्र अनुसन्धानसम्बन्धी कुनै काम गर्न चाहेमा श्री ५ को सरकारको पूर्व स्वीकृति प्राप्त गरी गर्न सक्नेछ र त्यस्तोमा निजले गरेको अनुसन्धानको एकप्रति श्री ५ को सरकारसमक्ष पेश गर्नु पर्नेछ ।

१२. विज्ञापन टाँस्न वा राख्न नपाइने: सरकारी काममा प्रयोग हुने बाहेक आरक्षभित्र कुनै व्यक्तिले कुनै किसिमको चिह्नपट, सूचना,विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरू टाँस्न वा राख्न पाउने छैन ।

१३. बाजा बजाउन नपाइने: आरक्षभित्रका सरकारी कार्यालय भवन र अन्य यस्तै स्थानमा बाहेक अन्यत्र रेडियो, टेप, रेकर्ड वा बाजाहरू बजाउन पाइने छैन ।

१४. फोहर मैला गर्न नपाइने: कुनै पनि व्यक्तिले आरक्षभित्र फोहर मैला गर्न वा फाल्न हुँदैन ।

१५. विषालु पदार्थ फ्याँक्न नपाइने: आरक्षभित्र वा आरक्षभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमको कीटनाशक विष वा रासायनिक पदार्थ वा लागू वा विषालु पदार्थ फ्याँक्न वा आरक्षभित्र भएर बग्ने नदी, खोला वा पानीको अन्य कुनै स्रोतमा हाल्न वा छर्न वा आरक्षभित्र पुग्ने गरी अरू तरिकाबाट हाल्न समेत हुँदैन ।

१६. आरक्षभित्र सवारी चलाउँदा पालन गर्नु पर्ने शर्त: आरक्षभित्र सवारीको साधन चलाउने व्यक्तिले देहायको कुराहरूको अधीनमा रहेर मात्र सवारी चलाउनु पर्नेछः–

(क) पाँच टनभन्दा बढी वजनको सवारी चलाउन पाइने छैन ।

(ख) सवारीको साधन, पैदल यातु वा अन्य वस्तुहरूको आवागमनमा वाधा पर्ने गरी सवारी चलाउन वा अडचाई राख्नु हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) हर्न बजाउन वा तोकिएकोभन्दा बढी गतिमा सवारी चलाउन हुँदैन ।

(घ) नियम १९ को उप-नियम (३) बमोजिम कुनै बाटो बन्द गरिएको अवस्थामा त्यस्तो बाटोबाट सवारी चलाउन हुँदैन ।

१७. संकेत वा चिह्न मान्नु पर्नेः आरक्षको क्षेत्रभित्र सबै सवारी चालकले आरक्षको कर्मचारीले गरेको संकेत वा चिह्नलाई वा त्यस्तो संकेत वा चिह्न जनाउनको लागि राखिएको कुनै चिह्नपटबमोजिम सवारी चलाउनु पर्नेछ ।

१८. आवागमनमा प्रतिवन्धः संरक्षक भए संरक्षकको, संरक्षक नभए सहायक संरक्षकको र सो दुवै नभए श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीको लिखित अनुमति विना सूर्यास्त देखि सूर्योदयसम्म आरक्षभित्र पस्न वा हिंड्डुल गर्न वा सवारी चलाउन हुँदैन ।

१९. बाटोको सुविधाः (१) संरक्षक भए संरक्षकले, संरक्षक नभए सहायक संरक्षकले र सो दुवै नभए श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीले आरक्षभित्र सर्वसाधारण जनताको सुविधाको लागि पैदल यात्रा गर्न,घरपालुवा जीवजन्तु हिंडाउन वा सवारी साधन चलाउन चिह्नपट लगाई बाटो तोकिदिन सक्नेछ र सर्वसाधारणले यसरी चिह्नपट लगाई तोकिदिएको बाटो मात्र उपयोग गर्नु पर्नेछ ।

(२) उप-नियम (१) मा तोकिएको अधिकारीको लिखित अनुमति विना कुनै पनि अवस्थामा कुनै व्यक्तिले उप-नियम (१) बमोजिम चिह्नपट लगाई तोकिदिएको बाटो छोडी अन्य बाटोको प्रयोग गर्न पाउने छैन ।

(३) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिकूल मौसममा त्यस्तो कुनै बाटो बन्द गर्न उपयुक्त ठानेमा मौसम अनुकूल नहुन्जेलसम्म बन्द गर्न सकिनेछ ।

२०. सवारीको साधन वा घर पालुवा जन्तु पक्री कारवाईको लागि बुझाउनेः यस नियमावली बमोजिम आरक्षभित्र सुविधा दिएको बाटो बाहेक अन्य बाटोबाट कुनै सवारीको साधन चलाएको वा घर पालुवा जीवजन्तु हिंडाएको भेटिएमा संरक्षक भए संरक्षकले, संरक्षक नभए सहायक संरक्षकले र सो दुवै नभए श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीले पक्री सम्बन्धित अधिकारीको समक्ष कारवाईको लागि बुझाउनेछ ।

२१. गिरफ्तार गर्न सकिनेः (१) संरक्षकबाट वारेण्ट प्राप्त गरी सहायक संरक्षक, वन्यजन्तु गार्ड वा आरक्षका अन्य कर्मचारीले ऐन बर्खिलाप काम गरेको अभियोगमा कुनै व्यक्तिलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको मालसामान वा सवारीको साधनको खानतलासी लिन सक्नेछ ।

(२) उप-नियम(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा भने विना वारेण्ट पनि सहायक संरक्षक, रेञ्जर वा सुवेदार दर्जासम्मका वन्यजन्तु गार्डले अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसामान वा सवारीको खानतलासी लिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. सरकारी कामको लागि आरक्षभित्र प्रवेशमा छुटः यस नियमावलीमा लेखिएको कुनै कुराले पनि आरक्ष वा अन्य कुनै सरकारी कार्यालयको कुनै कर्मचारीलाई आफ्नो कार्यालय वा अन्य कुनै सरकारी कार्यालयको आदेशानुसार कुनै सरकारी काम कारवाई कार्यान्वयन गर्नको लागि आरक्षभित्र कुनै समयमा पनि प्रवेश गर्न बाधा पुऱ्याएको मानिने छैन ।

२३. मुद्दा हेर्ने अधिकारीहरूः (१) देहायको कसूरसम्बन्धी मुद्दाको कारवाई र किनारा गर्ने अधिकार सहायक संरक्षक रहेकोमा सहायक संरक्षकलाई र सहायक संरक्षक नरहेकोमा रेञ्जरलाई हुनेछः–

(क) नियम ४ बमोजिम अनुमति नलिई आरक्षभित्र प्रवेश गरेमा,

(ख) नियम ६ को खण्ड (ग) वा (ङ) को बर्खिलाप कुनै काम कारवाई गरेमा वा सोही नियमको खण्ड (घ) बर्खिलाप एकसय रूपैयाँसम्म मोल पर्ने वन पैदावारमा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा,

(ग) नियम १० बमोजिम अनुमति नलिई माछा वा अन्य कुनै जलचर मारेमा,

(घ) नियम १२ को बर्खिलाप कुनै चिह्नपट, सूचना, विज्ञापन वा पोष्टरहरू टाँसेमा वा राखेमा,

(ङ) नियम १३ को बर्खिलाप कुनै बाजा बजाएमा,

(च) नियम १४ को बर्खिलाप फोहर मैला गरेमा वा फ्याँकेमा,

(छ) नियम १६ वा १७ को बर्खिलाप सवारी चलाएमा,

(ज) नियम १८ को बर्खिलाप आरक्षभित्र पसेमा, हिंडडुल गरेमा वा सवारी चलाएमा,

(झ) नियम १९ को बर्खिलाप तोकिएको बाटो छोडी अन्यत्रबाट यात्रा गरेमा, घरपालुवा जीवजन्तु हिंडाएमा वा सवारी साधन चलाएमा ।

(२) देहायका कसूरसम्बन्धी मुद्दाको कारवाई र किनारा गर्ने अधिकार संरक्षक रहेकोमा संरक्षकलाई र संरक्षक नरहेकोमा डी. एफ्. ओ. लाई हुनेछ ।

(क) नियम ६ को खण्ड (क) वा (च) को बर्खिलाप कुनै काम कारवाई गरेमा वा सोही नियमको खण्ड (घ) बर्खिलाप एकसय रूपैयाँभन्दा बढी पाँचसय रूपैयाँसम्म मोल पर्ने वन पैदावारमा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा,

(ख) नियम ७ को बर्खिलाप कुनै वस्तु आरक्षभित्र लगेमा, राखेमा वा प्रयोग गरेमा,

(ग) नियम ८ को बर्खिलाप आरक्षको भित्र वा बाहिरबाट आगो बाली वन पैदावारमा क्षति पुऱ्याएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) नियम ९ को बर्खिलाप कुनै काम कारवाई गरेमा,

(ङ) नियम १५ को बर्खिलाप कीटनाशक वा विषालु पदार्थहरू हालेमा, छरेमा वा फ्याँकेमा ।

(३) उप-नियम (१) र (२) मा लेखिएदेखि बाहेक वन्यजन्तु आरक्षभित्र भएको ऐन र यस नियमावली अन्तर्गतको अन्य कसूरसम्बन्धी मुद्दाको कारवाई र किनारा गर्ने अधिकार सम्बन्धित क्षेत्रको कञ्जरभेटरलाई हुनेछ ।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन मन्त्रालयको

## सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कर्णाली अञ्चल मुगू जिल्लामा पर्ने देहायका चार किल्लाभित्रको क्षेत्रलाई रारा राष्ट्रिय निकुञ्ज घोषित गरेको छ:–

उत्तर:– रूम काँधको सबभन्दा अग्लो टुप्पा (१२२३८) बाट शुरू भई पूर्वपट्टि डाँडाको शिरैशिर हुँदै मालीका (११२९५) टुप्पोसम्म ।

पूर्व:– मालीका (११२९५) बाट दक्षिण–पूर्व दिशा हुँदै रारा गुम गोरेटो बाटोको बज... सम्म । त्यसपछि उक्त दिशातर्फ नै पछ्याउँदै जङ्गल भएको पहाडको नाकैनाक दक्षिण–पूर्व दिशा हुँदै भदाली काँध, श्रीनगर गाउँको माथि (९०००) सम्म । त्यसपछि भदाली काँध जङ्गलको तल्लो किनारबाट पश्चिम हुँदै झ्यारी छ्याब्रु गोरेटो बाटोसम्म र जङ्गलको तल्लो छेउ हुँदै झ्यारी बिथाखोलाको मुहानसम्म । त्यसपछि झ्यारी बिथाखोलाको दक्षिण किनारबाट झ्यारी पिनाको पैदलबाटोसम्म । त्यसपछि दक्षिण–पूर्व हुँदै आवादि जग्गाको माथिल्लो छेउबाट धौलीगारखोला र मन्दुखोलाको बीचसम्म र दक्षिणतर्फ घुर्चिलाग्नासम्म । त्यसपछि पैदलको बाटो काटेपछि चौथाबाट दक्षिण–पश्चिम हुँदै चौथाखोलाका पहिलो मुहानसम्म । त्यसपछि चौथादेखि माथि दक्षिणतर्फको १३१३६' को टुप्पोसम्म । त्यसपछि पहाडको धार हुँदै १३१३६' देखि दक्षिणतर्फ करीब एक माइलसम्म ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दक्षिणः– १३१३६' को करीब एक माइल दक्षिणबाट पश्चिम हुँदै जियखोलाको मुहानसम्म। त्यसपछि उत्तर–दक्षिण मुख्य पहाडको धार हुँदै लामिडाँडाको सबभन्दा अग्लो १२८०१' सम्म ।

पश्चिमः– लामिडाँडाको टुप्पो (१२८०१) बाट सो डाँडाको काँधैकाँध रोताखोला माथिको आवादि जग्गाको माथिल्लो छेउ हुँदै गौरू सैंनसम्म । त्यसपछि रोताखोला (पोनेलीखोला) हुँदै पानीको सबभन्दा ठूलो मुहानसम्म । त्यसपछि उत्तर–पश्चिम दिशा हुँदै न्याउलीखोलाको मुहानसम्म । न्याउलीखोलाको पश्चिम किनार हुँदै खतियारखोलासंगको दोभानसम्म । त्यसपछि खतियारखोला पार गरी निगालीबोट रारा मूल बाटोमा पर्ने सेरा पातेल्नासम्म । त्यसपछि बाटैबाटो पूर्व गई खतियारखोला (निजारखोला) र दाम्चेखोलाको दोभान माझेघट्टसम्म । त्यसपछि दाम्चे खोलैखोला गई यसको मुहान हुँदै रूम काँध (११२३८) सम्म ।

द्रष्टव्यः–यस रारा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने गाउँहरू रारा, छयाब्र, नेपु र सल्लीरूकलाई नहटाइएसम्म वा अर्को व्यवस्था नभएसम्म निकुञ्ज क्षेत्रबाट बाहिर पारिएको मानिनेछ ।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।